# प्राकृतिक श्रोतमा मधेशि जनताको पहुँच र अधिकार

डा.नागेन्द्र प्रसाद यादव

*“मधेशमा मानविय सुरक्षाको सुनिश्चितता”*

**मधेश विकासमा देखिएका समस्या तथा समाधान सम्वन्धि अन्तरक्रिया**


02 July 2016

# छलफलका विषय वस्तु


***तराईमा प्राकृतिक श्रोतको अवस्था***

- नेपालमा विगतको वन व्यवस्थापनको नीति
- तराईमा बसाईसराईले र जनसंख्या वृद्धि
- पुनर्वास कम्पनी वाट सुकुम्वासीलाई जग्गा वितरण
- तराईमा वसाई सराई (Migration) को राजनीति प्रभाव
- प्राकृतिक साधन स्रोतवारे संविधान, नीति, नियममा प्रावधान
- वन संरक्षणमा केन्द्रित भई वन पैदावार संकलनवाट हुने बार्षिक राजश्व
- अतिक्रमण र वन विनासको असर
- सामुदायिक तथा साझेदारी वनमा तराईको जनताको पहुँच
- तराईको जनतालाई सामुदायिक तथा साझेदारी वनवाट हुने फाईदा
- निश्कर्ष तथा भविष्यको कदम

# नेपालमा मधेश वा तराई  कहाँ सम्म छ ?





# नेपालमा तराई




# Terai Region ,Nepal


Tarai Region : 1; Inner trai (4 %)
2. Chure,Bhabar (8%)
3. tarai (Plain) (13%)

# कहाँ कहाँ मधेश थियो ?



Map of a portion of Western Nepal in the Hodgson Collection (EUR Mss k474 vol 59 folios 26-6), 1830-1840 CE mentioning Madhesh is bordering district of Doti, Achham and Dullu. Implies Eastern lowerland was called Madhesh.

# Distribution of Community based Forest Management regimes




# नेपालमा विगतको वन व्यवस्थापनको नीति

- नेपाल सरकारको तराई प्रति नीति जहिले पनि दोधारे रहिआएको छ (श्रेष्ठ १९९०) ।
- शाह शासन काल (सन १७५०–१८४५) देखि तराईलाई उपनिवेश ठानेर यसका श्रोतहरुको उपयोग गरियो ।
- राणा शासनकाल (सन १८४६–१९५१) का शासकहरुले तराईको विकास गर्न आवश्यक ठानेन र वेलायति उपनिवेशको आंखा लाग्ला र भारतमा चलिरहेको कान्तिको हावाले यहाँको सत्तामा खतरा पु-याउला भन्ने शासकहरुले ठानेका थिए (श्रेष्ठ १९९०) ।
- उन्नाइसो शताब्दीको सुरुदेखि नै तराईलाई अर्ध सैनिक बस्तीका रुपमा राख्ने नीति अवलम्बन गरे । जस अनुसार व्रिटिस र भारतिय  र नेपाली सेनाका अवकास प्राप्त सैनिकहरुलाई नेपाल भारत सिमानामा अर्धशैनिक रुपमा अघोषित रुपमा राखे ।
- तर सन् १९७० को दशकको शुरुमा सरकारले भुतपुर्व सैनिक र अरु पहाडियाहरुलाई मधेसमा वसोवास गराउनुको मुख्य उद्धेश्य मधेसीहरुको जनसंख्या घटाएर मधेसीहरुलाई मधेसमा अल्पसंख्यामा पु-याउनु हो भनेर नेपाली समाचारहरुले लेखेका थिए (गेइज १९७५) ।

## नेपालमा विगतको वन व्यवस्थापनको नीति........

- सन् १९६५ मा तत्कालिन राजा महेन्द्रको सवारी अछाम हुदा भएको हुकुम वक्समा तराईको उर्वरा वन जंगल भूमीमा सत्तालाई सहयोग गर्ने परिवारलाई वसाई सराई गराउने भन्ने निर्देशन भए बाट पश्चिम तराईका जिल्लाहरुमा वन फडानीमा तिव्रता ल्यायो (सुसान, जे र अन्य १९९५)।
- सरकारले मधेसमा पुनर्वास गराउने माध्यमवाट मधेसको जनजातिय र सांस्कृतिक परिवर्तन गराउने हिसावले क्रमवद्ध प्रयासहरु थालि नेपाली राज्यले मधसीहरुको विरुद्ध राज्यको यो रणनीति अपनाएको थियो (स्कार १९९५) ।
- यसै नीति अन्तर्गत तराईमा महेन्द्र राजमार्गको त्रुटिपुर्ण निर्धारण र निर्माणले गर्दा सडकमा कामगर्नेहरु तथा पहाडवाट बसाई सराई गराई तराईको अन्य क्षेत्र तथा राजमार्ग छेउ छाउको वन कटानमा तिव्रता ल्याई वन क्षेत्र वस्ति तथा अवादिमा परिणत भयो (सुसान १९९४) ।
- तराईको वनलाई वैज्ञानिक व्यवस्थापन गरि आय आर्जन गर्ने उद्देश्यले एसियाकै ठूलो स-मिल हेटौंडामा स्थापना गरी छनौट कटान तथा सर्पट कटान गरि रेल्व स्लीपर भारत निकासी गरेर तराईको वन सखाप भयो ।




**Population of Madheshi Community in 20 Tarai districts ('000)**


| Year | Hill people | Madheshi people |
|---|---|---|
| 1952/54 | 142 (6%) | 2,246 (94%) |
| 1981 | 2,795 (43%) | 3,762 (57%) |
| 2001 | 4,120 (37%) | 7,092 (63%) |
| In 2011- | 38% | 62% |

*Gurung, H. (1998). Social Demography % Expressions. KTM. 1998.*

*National Census 2001.*

अहिले मधेश केन्द्रित २० प्रहमसनिक जिल्लामा पहाडीहरुको जनसंख्या करिव ३८ प्रतिशतको हाराहारमिा पुगेको छ, जवकि ६० वर्ष अघि उनीहरुको जनसंख्या ६ प्रतिशत मात्र थियो (हाछेथु कृष्ण २०७०) यस हिसावले मधेसमा मधेसीहरु अल्पमतमा पुग्न कति वर्ष लाग्छ ?

# Population Growth




| | 1952/54 | 1961 | 1971 | 1981 | 1991 | 2001 | 2011 |
|---|---|---|---|---|---|---|---|
| Mountain & Hill | 64.8 | 63.6 | 62.4 | 56.4 | 53.3 | 51.6 | 49.73 |
| Terai | 35.2 | 36.4 | 37.6 | 43.6 | 46.7 | 48.4 | 50.27 |

# तराईमा वन विनासको स्थिति र सुकुम्वासीलाई जग्गा वितरण

वि.स.२०४५ साल सम्ममा तत्कालिन श्री ५ को सरकारवाट निर्णय भई १,१६,६४८ हेक्टर वन क्षेत्र फडानी गरी १,००,६५८ परिवारहरुलाई वसोवास गराईएको थियो (हक २०४७)

पुनरवास कम्पनीको नाममा सन् १९८५ सम्ममा ३,५६,४०० विगहा तराईको वन फाँडेर ८३ हजार परिवारलाई राज्यसत्ता टिकाउन र राजनैतिक सोचले समर्थकहरुलाई वसाई सराई गराए ( अधिकारी जे र अन्य २००६)

**पुनर्वास कम्पनी लागु भए पछि विभिन्न पंच वर्षिय योजनामा जग्गा वितरण र वन विनासः**

| | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाचौ | छैठों | सातौ |
|---|---|---|---|---|---|---|---|
| वन फडानी हे. | १५७१० | २८७१० | २०५०० | १३५७० | २४२८० | ६२८५० | १८००० |
| घरधुरीलाई जग्गा वितरण | ५७१० | ७१४० | ७१४० | ७१४० | ८००० | ३३००० | १५७१० |
| प्रति परिवार वन क्षेत्र हे. वितरण | २.७५ | ४.०२ | २.८७ | १.९० | ३.०४ | १.९० | १.१५ |

**यस्मा कति जना मधेशका सुकुम्वासीले जग्गा पाए ? के मधेशमा सुकुम्वासी नभएर न पाएको हो ? किन पक्षपात गरे ?**

## प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्वन्धि नीतिः समावेसी कि वन्चिती ?

वन नियमावली २०५१ को दफा २६ मा जिल्ला वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग उपभोक्ता समुहलाई सामुदायिक वनको रुपमा सुम्पदा गाउँ वस्तीवाट जंगलको दुरीका साथै वन व्यवस्थापन गर्ने स्थानिय उपभोक्ताहरुको चाहना व्यवस्थापन गर्ने क्षमता समेतलाई ध्यान दिनु पर्नेछ ।

नेपाल अधिराज्य संविधान २०४७ को धारा २६ (३) अनुसार **"राष्ट्रिय हित अनुकूल उपयोगी एवं लाभदायक रुपमा देशमा प्राकृतिक स्रोत तथा सम्पदाको परिचालन गर्ने नीति राज्यले अवलम्वन गर्नेछ"** भन्ने उल्लेख थियो भने अन्तरिम संविधान २०६३ को धारा ३५ (४) अनुसार "राष्ट्रिय हित अनुकूल उपयोगी एवं लाभदायक रुपमा देशमा प्राकृतिक स्रोत तथा सम्पदाको परिचालन गर्दा **स्थानिय समुदायलाई प्राथमिकता दिइने** नीति राज्यले अवलम्वन गर्नेछ" भन्ने उल्लेख गाएिको थियो ।

नेपाल अधिराज्य संविधान २०७२ को भाग ४ राज्यका निर्देशक शिद्धान्त,नीति तथा दायित्व अन्तर्गत धारा ५१ (छ) अनुसार **"प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्वन्धि नीतिः "राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलव्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकुल दिगो रुपमा उपयोग गर्ने र स्थानिय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरुको न्यायोचित वितरण गर्ने"** भन्ने ( उल्लेख गरिएको छ । ***परम्परागत (मधेशी) उपभोक्तालाई प्राथमिकता र अग्राधिकार खाई ?***


| विवरण | नेपाल | पहाड | तराई |
|---|---|---|---|
| जम्मा वन क्षेत्र | ५८ लाख हेक्टर | ४६.५ लाख हेक्टर | ११.५ लाख हेक्टर |
| जनसंख्या , २०११ अनुसार | २६४९४५०४ | १३१७५७९९(४९.७४ %) | १३३१८७०५ (५०.२६ %) |
| जम्मा घरधुरी | ४८७०३१३ | २४२२०२१ | २४४८२९२ |
| **सामुदायिक वनको संख्या** | **१७६८५** | **१६०९४** | **१५९१** |
| **सामुदायिक वनको क्षेत्रफल** | **१६५२६५४ हे.** | **१५,०३९१५ हे.** | **१,४८,७३८ हे.** |
| **औषत वनक्षेत्र÷घरधुरी** | **०.८३ हेक्टर** | **१.०१ हेक्टर** | **०.४९ हेक्टर** |
| सामुदायिक वनमा संलग्न घरधुरी | १९८०७२० | १४८०५५६ | २९९१०८ (सिवालीक वाहेक) |
| साझेदारी वन व्यवस्थापन समुह | २० कार्यरत र १० वटा थप हुने गरि जम्मा | | ८०६८० हे. |
| साझदारी वनमा संलग्न घरधुरी | १० जिल्लाका, वन देखि भारत सिमाना सम्मका | | ४७६७३२(०.१७ हे.प्रति घरधुरी) |
| कवुलियती वन गरिव केन्द्रित | ४००८९८ हे. | ६५९९७ घरधुरी | छैन |

तलिका १: चुरे क्षेत्रका भू-खण्ड र जनसंख्या बिबरण

| भू-खण्ड | क्षेत्रफल (हे) | प्रतिशत | जनसंख्या (२०११) |
|---|---|---|---|
| चुरे पर्वत | १३,४८,९५५ | ३४.४ | १७,९२,०८२ |
| साँघुरा खोँच | ८८,०७७ | २.२ | |
| भित्रि मधेश वा दून | ३,३०,८६८ | ८.४ | १३,२४,०४३ |
| भावर | ५,८४,५८१ | १४.९ | २८,६७,६८० |
| तराई | १५,७१,०७५ | ४० | ८५,५९,७०३ |
| जम्मा | ३९,२३,५५७ | १०० | १,४५,४३,५०९ |

भिरालोपनाको हिसावले चुरेमा १९ डिग्री भिरालो सम्ममा ७४४६७२ हे.(५४.२ प्रतिशत), र ४५ डिग्री भन्दा बढी भिरालोमा १२९१७ हे. (०.९४ प्रतिशत)

# तराईमा वन विनासको प्रकृया:


**वन विनासका कारण** : व्यवस्थापनको अभाव, अनियन्त्रीत र अत्यधिक वन पैदावार संकलन, वन अतिक्रमण, वन वारे सरकारी दुर दृष्टि र राजनितिक प्रतिवद्धताको कमी,, आगलागि र चरिचरण आदि

तराईको वनको भविश्य के हुने हो ?....







# वन विनासको गति

- उन्नाइसौं शताव्दीको मध्यमा ६५% रहेको नेपालको वन क्षेत्र हाल ३९.९% मा झरेको छ ।
- २०२० साल देखि २०४० साल सम्ममा अधिराज्य भरिमा ५,७०,००० हेक्टर वन विनास भएका छन् यी मध्ये ६९,००० हेक्टर वृक्षारोपन भए वाँकी जग्गा कहाँ गए ?
- २०२१/०२२ देखि २०३५/०३६ सम्म तराईको वार्षिक वन विनास दर १.८ प्रतिशत र २०३५ देखि २०४७/०४८ सम्ममा दर-१.३ प्रतिशत थियो भने हाल पनि तराईको समथर भूभागमा वन विनासको दर ०.९६ प्रतिशत रहेको छ जस अनुसार **प्रति वर्ष करिव ७१०० विगहा वन विनास** भै रहेकोछ ।
- पुर्व पश्चिम राजमार्ग देखि चुरेफेदि सम्मको ७ देखि १२ किलो मिटरसम्मको घना जङ्गल मासि मानिसै मानिसले भरियो (गरुड, हस्त २०५८)।
- यस वाहेक तराईको अन्य जिल्लाहरुमा पनि वन अतिक्रमन जारी नै छ । २०२० देखि २०५८ अवधिमा तराईको चुरे तथा समथर भू भागको वन १५,२६,३९१ हेक्टर बाट घटेर **११,४९,४९४ हेक्टर** भएको तथ्याङ्कले देखाएकोछ (कंडेल २०६२)
- २०३५।३६ देखि २०४७।४८ अवधिमा तराईको समथर भू भागको वन ६,४५,३०० हेक्टर बाट घटेर ५,४५,९०० हेक्टर र २०५७।०५८ सम्ममा वन क्षेत्र घटेर **४९३३७९** मात्र भएको तथ्याङ्क ले देखाएकोछ (कंडेल २०६२)

# बसाईसराईले गर्दा तराईमा जनसंख्या वृधि


- तराईको जनसंख्या सन् १९५२-५४ मा ३५ प्रतिशत थियो । सन् १९८१ मा तराईको जनसंख्या ४४ प्रतिशत र २००१ मा ४९ प्रतिशत, २०११ मा करिव ५१ % 
- पाइयो ।









तराईमा जनसंख्याको चाप वढदै गर्दा पनि वसाई सराईको क्रम घटने छाँट देखिदैन । के यसवारे जन प्रतिनिधि र सरकार सचेत छन् ? सरकार संग यो समस्या समाधान गर्ने रणनीति तथा योजना के छ ?

# Trend of forest degradation in Tarai



# विभिन्न जिल्लामा वन अतिक्रमण

| २०६५पोष सम्ममा विभिन्न जिल्लामा भएको वन क्षेत्र (हे.) अतिक्रमन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **सि नं.** | **जिल्ला** | **हेक्टर** | **सि नं.** | **जिल्ला** | **हेक्टर** | **सि नं.** | **जिल्ला** | **हेक्टर** |
| १ | कंचनपुर | १०९५९ | ५ | कपिलवस्तु | १०८४८ | ९ | उदयपुर | ७१९७ |
| २ | कैलाली | २१००० | ६ | रुपन्देहि | ७७६३ | १० | झापा | १९८९ |
| ३ | धनुषा | ७७८५ | ७ | नवलपरासी | ७९२१ | ११ | पर्सा | २११७ |
| ४ | दाङ | २९२० | ८ | मकवानपुर | १५६० | १२ | सुन्सरी | १७५४ |

# वन विनास, तराईमा वसाई सराई को राजनीति प्रभाव

| जिल्ला | वन क्षेत्र हे. (सन् २००१) | | | १९९१-२००१मा वन क्षेत्र परिर्त्तन प्रतिशत | | वसाई सराई | | पहिलो संविधानसभा चुनावको प्रतिनिधि | |
|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | पहाड | समथर | जम्मा | पहाड | समथर | जनसंख्या | प्रतिशत | मधेसी | पहाडी |
| कंचनपुर | १७००३ | ३४९३० | ५१९३३ | ०.३८ | -०.५४ | १२३७६७ | ३२.७५ | २ | २ |
| कैलाली | १२१५२९ | ८४४१० | २०५९३९ | ०.२ | -०.७८ | १६४२४२ | २६.६३ | ३ | ३ |
| वर्दिया | ४२६१ | २९४५८ | ३३७१९ | ०.५१ | -०.६५ | ६४०३२ | १६.७३ | ३ | १ |
| वांके | ४८२५५ | ६२५६५ | ११०८२० | -०.१२ | -०.२६ | ६९१४६ | १७.९३ | २ | २ |
| दाङ | १७०७१२ | २३५५० | १९४२६२ | ०.१६ | ०.१५ | ६०५९२ | १३.१ | १ | ४ |
| कपिलवस्तु | १८६६१ | ४३५५० | ६२२११ | ०.०४ | -०.५४ | ३६५३२ | ७.५८ | ४ | १ |
| रुपन्देहि | १६८५० | ९६७४ | २६५२४ | -०.०६ | -०.६८ | १८९३२७ | २६.७३ | ४ | ३ |
| नवलपरासी | ६७७४३ | २५४२८ | ९३१७१ | ०.३२ | ०.०१ | ९७५३९ | १७.३३ | ३ | ३ |
| चितवन | ४३८९९ | १९६८७ | ६३५८६ | ०.०५ | ०.९१ | १६२५२८ | ३४.४३ | १ | ४ |
| पर्सा | २५६१ | १६०८३ | १८६४४ | -०.८२ | ०.१६ | ३२०४४ | ६.४४ | ३ | १ |
| वारा | १४७३१ | ३४४२६ | ४९१५७ | -०.१४ | -०.०८ | ४९६२४ | ८.८८ | ५ | १ |
| रौतहट | ७७२१ | २१८३८ | २९५५९ | -०.०६ | ०.०६ | २६२२९ | ४.८१ | ६ | ० |
| सर्लाहि | १६०५९ | १४४६९ | ३०५२८ | -०.०९ | ०.४५ | ५१८७४ | ८.१६ | ५ | १ |
| महोत्तरी | १३४२८ | १०७५३ | २४१८१ | ०.०५ | ०.५१ | ३०२४१ | ५.४६ | ४ | १ |
| धनुषा | २६६६१ | १६६२ | २८३२३ | -०.२६ | ०.९५ | ७१०१४ | १०.५८ | ७ | ० |
| सिरहा | १६३२४ | १९५४ | १८२७८ | -०.२४ | -१.६३ | ४३७९६ | ६.११ | ६ | ० |
| सप्तरी | १८४२१ | २६८९ | २१११० | ०.०२ | ०.०४ | १८६७९ | ३.२८ | ७ | ० |
| सुनसरी | ७०१९ | १४३४६ | २१३६५ | -०.२५ | -०.०८ | १५९७८५ | २५.५४ | ३ | ३ |
| मोरंग | २१८४८ | २३३३६ | ४५१८४ | ०.०१ | -०.२३ | १८१९८१ | २१.५९ | ३ | ६ |
| झापा | २४२९ | १८५७१ | २१००० | -०.०७ | -०.१४ | १६२२९३ | २५.६२ | १ | ६ |
| **जम्मा** | **६५६११५** | **४९३३७९** | **११४९४९४** | **०.०६** | **-०.२७** | **१७९५२६५** | | **७४** | **४१** |

[1] Forest Cover change assessment 2001, Depart ment of Forest
[2] CBS data 2001,raktamaya madhesh 2004
[3] CA election result 2008

## तराईको वनको वनावट कसरी परिवर्तन भै रहेकोछ ?







के दुवै थरी वनको आर्थिक मूल्य एउटै हुन्छ ?

# Deforestation and resettlement










Future of this forest ?





# Forest land encroachment





# तराईमा सरकारी वनको अवस्था












पुनः यसलाई राम्रो वन वनाउन कति श्रम र श्रोत खर्च हुनेछ ?




What is future of these forests?

Who is responsible ?





मध्य/सुदूरपश्चिम
६
www.ekantipur.com




www.ekantipur.com
१७
देश
तराई र चुरे क्षेत्रमा वन विनाश तीव्र
एक वर्ष अवधिमा ८२ हजार ७ सय ९५ हेक्टर वन क्षेत्र अतिक्रमण भएको देखाएको छ
'प्रधानमन्त्रीले तस्कर जोगाए'




मिलीजुली विध्वंस
जनकराज सापकोटा




सरोकार
आठ सय प्रतिशत भ्रष्टाचार
काठको मूल्य चर्को, राजस्व नगण्य








See You

# चुरे क्षेत्रको वन

सप्तरी, ठेलिया गा.वि.स.
सन् २००२, २०११,
२०१४ सम्ममा चुरे
कसरी विनास हुदै गए ?



# Forest cover and composition Change







invasive species (Mikania micrantha)
a regeneration killer












# तराईमा बाढीको प्रभाव







# चुरे विनासको असर







Land use & land cover change (1993-2014) of Balan watershed in ha

| Physiographic unit | Cultivated land | Forest | Bushes | Grass | Barren | River bed | Built up Area | Others |
|---|---|---|---|---|---|---|---|---|
| Hillslope | 281 | -11194 | 10897 | 77 | -9 | -52 | 0 | 0 |
| Inner valley | -64 | -642 | 706 | 57 | 0 | -58 | 0 | 0 |
| Bhabar | -448 | -249 | 294 | 352 | -50 | -253 | 61 | 293 |
| Tarai | -865 | -30 | -1 | 500 | -52 | -202 | 164 | 485 |

बलान नदीले वर्षेनी सिराहा र सप्तरीको औषतमा २५ हेक्टर जमिन कटान गर्दछ यसवाट तल्लो तटिय जनतालाई कति आर्थिक क्षति हुन्छ



# चुरे विनासको प्रभाव तराईमा











## 'तराईको वन क्षेत्र १५ वर्षमा मरुभूमि बन्छ'

सागर पण्डित/नयाँ पत्रिका
काठमाडौं, १४ फागुन

अनियन्त्रित कटानीका कारण 'हरियो वन नेपालको धन' उखानमै सीमित बन्दै छ। विगत दुई वर्षको अवधिमा मात्रै नेपालमा एक लाख २० हजार हेक्टर वन क्षेत्र विनासको चपेटामा परेको छ।

वन विनासको ९५ प्रतिशत असर तराई र भित्री-मधेसमा परेको छ। सो क्षेत्रमा मात्रै झन्डै एक लाख १४ हजार हेक्टर वन विनास भएको सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय सञ्जाल सामुदायिक वन उपभोक्ता महासंघलले जनाएको छ।

महासंघको निष्कर्षअनुसार अतिक्रमण र तस्करी वन फँडानीका प्रमुख कारण हुन्। यसलाई रोक्न सरकार पूर्ण रूपमा असफल रहँदै आएको ठम्याइ महासंघले गरेको छ।

'तराई क्षेत्रमा गरिएको लामो अध्ययन र अनुसन्धानपछि हामीले यस्तो ठहर गरेका हौं,' महासंघका अध्यक्ष घनश्याम पाण्डेले भने, 'तराई क्षेत्रमा राज्यको कमजोर उपस्थितिको फाइदा उठाएर वन तस्करी र फँडानी गर्ने क्रम अझै तीव्र पारिएको छ।'

अध्यक्ष पाण्डेले सिंगो देश वन [illegible]ासको चपेटामा परेको बताउँदै तराईमा [illegible]सले भयावह अवस्था सिर्जना गरेको जनाए। वन विभागका अनुसार नेपालमा कुल वन क्षेत्र ४२ लाख ६८ हजार आठ सय हेक्टर छ। जुन नेपालको कुल क्षेत्रफलको २९ प्रतिशत हो। १० दशमलव ६ प्रतिशत भने झाडी र बुट्यान क्षेत्र छ। जसमध्ये तराईमा चार लाख ८७ हजार हेक्टर वन क्षेत्र छ।

'यदि यही अवस्था रहिरहेमा १५ वर्षभित्रमा तराईका सम्पूर्ण वन क्षेत्र मरुभूमिमा परिणत हुने निश्चित छ,' पाण्डेले नयाँ पत्रिकासँग भने, 'तराईमा वन सकिएपछि अतिक्रमण र फँडानी पहाडमा सुरु हुनेछ।' उनको दाबीअनुसार वार्षिक ६० हजार हेक्टर वन क्षेत्र अतिक्रमणकारी र वन तस्करीद्वारा सखाप हुँदै आएको छ। नेपालको वन फँडानी दर भने वार्षिक एक दशमलव पाँच प्रतिशत छ।

तराईको वन फँडानी र तस्करीको यही अवस्था जारी रहेमा झन्डै पाँच लाख हेक्टरमा रहेको तराइको वन क्षेत्र १५ वर्षभित्रै समाप्त हुन्छ।

पाण्डेका अनुसार राजनीतिक संक्रमणको फाइदा उठाएर तस्कर र अतिक्रमणकारीले ०६३ देखि ०६५ को पुससम्म एक लाख २० हजार हेक्टर वन क्षेत्र सखाप पारेका छन्।

तराई तथा भित्री-मधेसका कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, दाङ, धनुषा, बारा, रौतहट, सप्तरी, सिराहा, महोत्तरी र झापा जिल्लामा वन तस्करी, फँडानी र अतिक्रमण दर उच्च छ। सरकारले तराईमा लामो समयदेखि सामुदायिक वन हस्तान्तरण प्रक्रिया रोक्का गरेकाले पनि तराईका वन तस्करको चपेटामा परेका हुन्।

सरकारी निकायले भने वन विनासको यकिन तथ्यांक निकाल्न सकेको छैन। वन

### तराईमा वन फँडानी

मन्त्रालयका सचिव डा. उदयराज शर्मा वन विनासको यकिन तथ्यांक निकाल्न नसकिएको भए पनि वन फँडानी र तस्करी अत्यधिक भएको स्विकार्छन्।

उनले पछिल्ला दुई वर्षमा वन अतिक्रमण र तस्करी ह्वात्तै बढेको उल्लेख गर्दै त्यसलाई रोक्न विशेष कार्यक्रम ल्याइएको बताए।

'वन विनास उच्च दरमा भएको छ,' सचिव शर्माले नयाँ पत्रिकासँग भने, 'पछिल्ला दुई वर्षमा भएको विनासले हामीलाई संवेदनशील बनाएको छ।'

उनले वन विनासका बारेमा अनुगमन गरी प्रभावकारी संयन्त्र र उपायहरू अवलम्बन गर्न ७५ वटै जिल्लामा वन क्षेत्र अनुगमन समिति गठन गरी कार्यान्वयनमा ल्याइएको जानकारी दिए।

जिल्ला वन अधिकृतको संयोजकत्वमा रहने सो समितिमा राजनीतिक दलका प्रतिनिधि, सामुदायिक वनका प्रतिनिधि, नागरिक समाज, वन पैदावर व्यवसायी महासंघ तथा सञ्चारकर्मीको पनि सहभागिता रहेको छ।

सचिव शर्माका अनुसार वन-रक्षकको अभावमा पनि तस्करी नियन्त्रण गर्न कठिन भएको छ। 'धेरै स्थानमा वन-रक्षक नै छैनन्, भएका वन-रक्षकसँग सशक्त हतियार छैन,' शर्माले भने, 'यस्तो अवस्थामा कसरी वन तस्करी रोक्न सकिन्छ ?'

देशभरमा रहेका वनको सुरक्षाका लागि खटिने वन-रक्षकको कुल दरबन्दी आठ सय ९० रहे पनि झन्डै आधा दरबन्दी रिक्त छ। मन्त्रालयका अनुसार वन-रक्षकमध्ये थोरैसँग मात्र हतियार छ। अधिकांश वन-रक्षक हतियारविहीन अवस्थामा वनको सुरक्षाका लागि खटिने गरेका छन्।

वन विभागले ०६५ पुससम्ममा ८८ हजार तीन सय ६७ हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा परेको जनाएको छ। अघिल्लो वर्षको यसै अवधिमा ७४ हजार पाँच सय ५८ हेक्टर वन क्षेत्र अतिक्रमण भएको थियो।

विभागको यस तथ्यांकले वार्षिक रूपमा झन्डै १४ हजार हेक्टर वन क्षेत्र अतिक्रमण हुँदै आएको देखाउँछ। वन अतिक्रमण दर बढ्दो रहेको स्विकारोक्ति वन विभागका महानिर्देशक डा. कृष्णचन्द्र पौडेलको पनि छ।

तस्करी र अतिक्रमण रोक्न वन विभागको एक्लो प्रयासले मात्रै सम्भव नहुने बताउँदै महानिर्देशक पौडेलले राजनीतिक दल नागरिक समाजलगायत सबै पक्षको सहयोग जरुरी रहेको धारणा राखे। 'वन अतिक्रमण र तस्करीको क्रम यसरी नै बढ्दै जाने हो भने त्यसले भयावह स्थिति निम्त्याउने सम्भावनालाई नकार्न सकिँदैन,' महानिर्देशक पौडेलले भने, 'त्यसैले वन क्षेत्रको संरक्षण र सम्वर्द्धनका लागि सबै पक्षले सक्दो योगदान दिन सक्नुपर्छ।'

वन मन्त्रालयका एक अधिकारीका अनुसार वन तस्कर र फँडानी गर्ने तस्कर र भू-माफियाको पहुँच राजनीतिक नेतृत्वसम्म नै पुग्ने गरेको छ। राजनीतिक दलको सुरक्षा कवचभित्र रहेर वन फँडानी र तस्करीमा उनीहरू सक्रिय रहने गरेको वन सरोकारवालाको जिकिर छ।

वन मन्त्रालयका ती अधिकारीले विगतमा तस्करहरूले मन्त्रालयको माथिल्लो तहसम्म नै सञ्जाल फिजाउँदै आएकाले पनि तस्करी रोकिन नसकेको बताए। राजनीतिक नेतृत्व र मन्त्रालयसम्मै लामो समयदेखि फैलिँदै आएको जालो नतोड्दासम्म वन तस्करी र फँडानी रोकिन नसक्ने दाबी ती अधिकारीले गरे। उनले विभिन्न जिल्लामा प्रहरी प्रशासनको संलग्नता र सहयोगमा वन तस्करी हुने गरेको आरोप पनि लगाए।

वन विभागले भने अतिक्रमित क्षेत्रको अध्ययन गर्दा बसाइँ सराइ, कृषि क्षेत्र विस्तार, भूमिहीन, सुकुम्बासी, मुक्तकमैया आदिको नामबाट वन क्षेत्र बढी अतिक्रमित भएको जनाएको छ। सरकारले त्यसरी अतिक्रमण गरेर बसेकालाई समयमा हटाउन नसक्दा पनि वन क्षेत्र थप उजाड बन्दै जान थालेको छ।

विभागले देशका ३० जिल्लामा विभिन्न बहानामा वन अतिक्रमण भइरहेको जानकारी दियो। विभागका अनुसार सबैभन्दा बढी सुदूरपश्चिमको कैलालीमा मात्रै २१ हजार हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा छ। यस्तै कञ्चनपुरमा १० हजार नौ सय ५९, कपिलवस्तुमा १० हजार आठ सय ४८, उदयपुरमा सात हजार एक सय ९७, नवलपरासीमा सात हजार नौ सय २१, धनुषामा सात हजार सात सय ८५ हेक्टर वन क्षेत्र अतिक्रमण भएको छ। यसैगरी रूपन्देहीमा सात हजार सात सय ६३, इलाममा एक हजार आठ सय ३४, झापामा एक हजार नौ सय ८९, पर्सामा दुई हजार एक सय १७, मकवानपुरमा एक हजार पाँच सय ६०, सुनसरीमा एक हजार सात सय ५४ हेक्टर वन क्षेत्र अतिक्रमणको भएको छ।

वन क्षेत्र अतिक्रमणको चपेटामा पर्दै आएका अन्य जिल्लामा दाङ, चितवन, रौतहट, सप्तरी, सिराहा, महोत्तरी, बर्दिया, सिन्धुली, कपिलवस्तु, सुर्खेत, भक्तपुर, कालिकोट, धनकुटालगायत छन्।

# हरियो वन : जम्मा ४७ करोड धन

## ४० अर्ब आम्दानी हुने सम्भावना

- नेपाली वनको वैज्ञानिक व्यवस्थापन गर्न सकिए अहिले उठिरहेको राजस्वमा ८५ गुणा वृद्धि गर्न सकिन्छ
- वैज्ञानिक वन व्यवस्थापन गर्दा ठूलो परिमाणमा रूख काट्नुपर्ने, तर जोखिम मोल्न डराउने प्रवृत्तिले समस्या

सागर पण्डित, नयाँ पत्रिका
काठमाडौं, १६ भदौ

सरकारी अध्ययनअनुसार नेपाली वनको वैज्ञानिक व्यवस्थापन गरिए वार्षिक ४० अर्ब रुपैयाँसम्म आम्दानी गर्न सकिन्छ। जुन अहिले भइरहेको वार्षिक औसत आम्दानीको ८५ गुणा बढी हो। तर, सरकारले सम्पूर्ण वनको वैज्ञानिक व्यवस्थापन गर्न तदारुकता

>> पृष्ठ २ मा क्रमशः

**वनबाट आम्दानी**
(पछिल्लो १० वर्षको)

| | |
|---|---|
| ०६१/६२ | ४३ करोड ६१ लाख |
| ०६२/६३ | ३० करोड ३१ लाख |
| ०६३/६४ | ३८ करोड ३८ लाख |
| ०६४/६५ | ५१ करोड ६६ लाख |
| ०६५/६६ | ५९ करोड २१ लाख |
| ०६६/६७ | ५५ करोड २१ लाख |
| ०६७/६८ | १३ करोड २७ लाख |
| ०६८/६९ | ४८ करोड ४० लाख |
| ०६९/७० | ८३ करोड आठ लाख |
| ०७०/७१ | ९४ करोड २५ लाख |

## के हो वैज्ञानिक वन व्यवस्थापन ?

सामान्य अर्थमा वैज्ञानिक वन व्यवस्थापन भनेको व्यवस्थित रूपमा जंगलमा गरिने गोडमेल हो। पुराना रूख हटाउनु र नयाँ बिरुवा उत्पादन हुने गरी व्यवस्थापन गर्नु वैज्ञानिक वन व्यवस्थापन हो। यसमा निश्चित वन क्षेत्र पहिचान गरिन्छ र वैज्ञानिक ... वनको माउ रूख पत्ता लगाइन्छ।

माउ रूख छनोट गर्दा मुख्य प्रजातिका साथै जैविक विविधताको पनि हेक्का राख्ने गरिन्छ।

>> पृष्ठ २ मा क्रमशः

- तराईको वनको वैज्ञानिक व्यवस्थापन नगरेर वार्षिक रुपमा रु.५३९० प्रति हे. का दरले करिव २.७ अरव घाटा भै रहेको छ (हिल १९९९)।
- तराईको वन तस्करि, अनियमितताको मारमा परि व्यापक वन विनास भै यसवाट झण्डै ४२ अरव रुपैया वरावरको नोक्सान भै रहेको छ।
- यसै गरि तराइको वन ज्यादै उत्पादनशिल भएको कारणले राम्रो संग व्यवस्थापन गर्ने हो भने वार्षिक ५० अरव रुपैया भन्दा वढीको फाईदा लिन सकिन्छ  (वन्जाडे र ओझा २०६६),
- आ.ब.२०६६÷०६७ मा वन विभागको वार्षिक वजेट रु. एक अरव ४१ कडोर छुट्याए पनि खर्च तर्फ एक अरव ४० करोड भएको देखिन्छ।

# Trend of revenue generation from forestry sector

| SN | forest products | Unit | 2000/01 | 2003/04 | 2005/06 | 2008/09 | |
|---|---|---|---|---|---|---|---|
| 1 | Hills | | Revenue Rs | Revenue Rs | Revenue Rs | Quantity | Revenue Rs |
| | Timber / Fuel wood | cft | 7530073 | 19188928 | 7157185 | 80482.97 | 1,19,90,677 |
| | | % | 1.72 | 6.11 | 2.20 | 5.92 | 3.19 |
| 2 | Tarai & Inner Tarai | | | | | | |
| | Timber / Fuel wood | cft | 429856403 | 294930849 | 318906385 | 1278617 | 36,39,23,666 |
| | | % | 98.28 | 93.89 | 97.80 | 94.08 | 96.81 |
| 3 | NTFPs, sand, & stone | kg | 39471545 | 64289403 | 38070134 | 32129322 | 60687737 |
| 4 | medicinal plant | kg | 27905703 | 13551200 | 16642015 | 1165345 | 38920019 |
| 5 | Community forest15% | | 50122882 | 40274330 | 1452654 | | 65691093 |
| 6 | Private forest/tree13% | | 0 | 0 | 1611845 | | 50878865 |
| | **Total Rs** | | **554886606** | **432234710** | **383840218** | | **59,2092057** |

*The annual expenditure of DoF in FY 2008/09 was Rs 120 million where as annual income is about 60 million. In this situation how DoF can sustain and contribute for national economy .*

*As tarai forest has production forest and if reachable forest managed sustainably could generate revenue about NRs 50 arab (50000m) annually (Banjade,M R et al 2009).*

# Tarai forest management :Opportunity of economic development & employment

Action research : Shelter wood system applied in 5.0 ha. where 72 % trees felled and obtained 10300 cft. timber and 25 Chatta (stack) fuel wood. FUG generated **Rs 36 lakh**@Rs 367.00per cft. Market price > 100 lakh , Local employment of Rs 5lakh.





Dec 2008



Feb 2009



Dec 2010



June 2009



March 2009





CF users





Distance users




# Access to Assets and Exclusion

# Benefit from FUG:



# सामुदायिक वन बिक्री

डीआर पन्त

डडेल्धुरा- समुदायमा हस्तान्तरण भएका वन समूहको समेत यहाँ खरिद-बिक्री हुन थालेको छ । जिल्लाको भित्री मधेस क्षेत्रका दर्जनौं सामुदायिक वन बिक्री भइसकेका छन् । केही बिक्री हुने प्रक्रियामा रहेका छन् ।

'वन क्षेत्रसम्म सडक पुर्‍याउने सर्तमा पाँच वर्षका लागि ठेकेदारलाई वन दिएका हौं,' आलीताल गाविसको घरेलुमा रहेको जयलक्ष्मी सामुदायिक वनका सचिव चन्द्रबहादुर बोहराले भने । वन तस्कर र सामुदायिक वनमा रहेका टाठाबाठाले वन बिक्री गर्ने नयाँ तरिका निकालेका छन् । तस्करले गाउँमा सडक, पुल र विद्यालय निर्माण गरिदिने प्रलोभन देखाएर समुदायबाट वर्षौंका लागि न्यून मूल्यमा सामुदायिक वन किन्ने गरेका छन् ।

कञ्चनपुरको कलुवापुर चोकदेखि पहरिया हुँदै चुरे पहाड छिचोलेर जोगबुढा-९ सम्म २७ किलोमिटर लामो सडक निर्माण सुरु हुँदै छ । स्थानीय बासिन्दा गणेश भाटका अनुसार सडकले छुने ठाउँका दर्जनौं सामुदायिक वनले पाँच वर्षसम्म ...

बाटो निकालेको एक शिक्षकले नाम नबताउने सर्तमा भने । काठ काटेबापत ठेकेदारले प्रतिक्युबिक फिट ३ सय रुपैयाँमा वर्षौंसम्म काठ काट्न पाउने छन् । एउटा सामुदायिक वनले ठेकेदारसँग सम्झौता गरेबापत त्यसका पदाधिकारीले दसदेखि बीस लाख रुपैयाँसम्म रकम लिने गरेको स्थानीय बासिन्दा जोगबहादुर धामीले दाबी गरे । समितिका पदाधिकारीले किर्ते हस्ताक्षर गरेर उपभोक्ताको निर्णय बनाउने गरेका छन् ।

गाउँगाउँमा सडक पुर्‍याउने नाममा वर्षौंका लागि कौडीको मूल्यमा ठेकेदारलाई सुम्पिइएका


**गाउँमा सडक, पुल, स्कुल बनाउने नाममा सामुदायिक वन ठेकेदारलाई जिम्मा**

वनहरूमा सिद्धेश्वर, बैजनाथ, धनसरा, मुढेपानी, थली, कोइराली, ...


वन बिक्री गर्न लागेका हुन् । केही समूहले सहमति गरिसकेका छन् । अनुगमनमा गएका एक सदस्यले वन काट्ने तस्करहरूको यो योजना सफल भए पाँच वर्षमा भित्री मधेस बगरमा परिणत हुनेछ । कर्मुलेको ढिक्के खोलामा चार लाखमा पुल निर्माण गरिदिने सर्तमा चारवटा सामुदायिक वन ठेकेदारको जिम्मा दिइएको जिल्ला अनुगमनका ती सदस्यले बताए । उनले वन प्रशासनसमेतको मिलोमतोमा सामुदायिक वन बिक्री भइरहेको दाबी गरे । नेकपा एमालेका नेता यज्ञराज अवस्थीले पाँच परिवारका लागि एक सामुदायिक वन बनाएर हरिया सालका जंगल काटिन थालेको बताए ।

जिल्ला वन अधिकृत पञ्चलाल शाह कानुनमा वन बिक्री गर्न पाइने व्यवस्था नभएको बताउँछन् । 'त्यस्तो भएको भए कारबाही हुन्छ,' उनले भने । वन बिक्री भइरहेको विषयमा आफूलाई जानकारी नभएको उनले बताए । उनले समुदायले निर्णय गरेर काम गरे आफूले केही ...





# सामुदायिक र साझेदारी वन को फाईदा




एकै ठाउँको वन




| सामुदायिक वन | साझेदारी वन |
|---|---|
| • ऐन सम्मत, वन उपभोक्ता समूह अविच्छन्न, उत्तराधिकावाला, एक स्वशासित र संगठित संस्था<br>• सवतन्त्र रुपले वन पैदावारको मूल्य निर्धारण, विकि्वितरण<br>• वनको  आम्दानी शतप्रतिशत वन समुहले पाउँछ<br>• ३५% रकम गरिवी निवारण, ४० %  संस्था र सामुदायिक विकास कार्य | • अहिले सम्म वन ऐनमा समावेश छैन,<br>• जिल्ला वन कार्यालय  साझेदार<br>• वनवाट पाउने लाभमा  ५० प्रतिशत काठ, दाउरा मात्र पाउँछ<br>• ५०% रकम गरिवी निवारण, सामुदायिक विकास र समाज कल्याण कार्यमा खर्च गर्न पाउने |

# श्रोत व्यवस्थापनको लागि मनन गर्नु पर्ने केहि वुंदाहरु

- के ठूला दलहरुको प्राथमिकतामा तराईको वन व्यवस्थापन र जनताको वन पैदावारको आवश्यकता पूर्ति गर्ने एजेन्डा वा चासोको विषय हो ?
- मधेश केन्द्रित राजनितिक दलहरुको  भुमिका अतिक्रमण रोक्न तथा व्यस्थाापन गर्न र वन लगायत अन्य प्राकृतिक श्रोत व्यवस्थापन गर्न नीति निर्माण कार्यान्वयन मा के हुने ?
- तराईको प्राकृतिक श्रोत विभेदपुर्ण वितरण तथा लाभमा पक्षपात अन्त्य गर्न कस्ले के पहल गर्ने ?
- जल, जमिन र जंगलमा जनताको आधकार वारे भाषण संग सवै सहमत छन् तर व्यवहार किन फरक ? के परम्परा देखि वन उपभोग गर्ने जनताको परिभाषा भित्र पर्दैन ?
- हाल सम्ममा तराईको ९ प्रतिशत जनता मात्र सामुदायिक वनमा समावेस भएवाट वाँकि जनताको वन पैदावारको आवश्यकता कहाँ वाट परिपुर्ति गर्ने ?
- भविष्यमा देशको  हुने पुनरसंरचनामा प्राकृतिक श्रोत माथि मधेशीको अधिकार कायम गर्नमा यी दलहरुको भुमिका के ?
- तराईको वनमा अतिक्रमन गरि वातावरणीय सेवावाट वन्चित गर्ने र गराउनेले के क्षति पुर्ति तिर्ने ?
- तराईकै वनमा राजनीति किन ?

# Way forward: भावि कदम

- संविधान, ऐन, कानुनमा मधेशको परम्परागत उपभोक्ताको अधिकार सुनिनिश्चि हुने गरि *"प्राकृतिक स्रोत, साधनको संरक्षण, संवर्धन र वातावरण अनुकुल दिगो रुपमा उपयोग गर्ने र स्थानिय समुदाय तथा परम्परागत उपभोक्तालाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरुको न्यायोचित वितरण गर्ने "* प्रावधान हुनु पर्दछ ।
- तराईमा वन तथा अन्य प्राकृतिक श्रोतहरु कहाँ कुन कुन श्रोतहरु कति र कस्तो छ सोको आाधारमा विस्तृत व्यवस्थापन योजना वनाई कार्यान्वयन गर्नु पर्दछ ।
- वन सम्वर्द्धन प्रणाली अपनाई तराईको वन व्यवस्थापन गर्दा दिगो रुपमा समाजिक, आर्थिक विकास र वातावरणीय संतुलन तथा रोजगारीको अवसर दिने ।
- तराईको वन क्षेत्रमा थप अतिक्रमण हुन नदिन विद्यमान संयन्त्रलाई कियाशिल वनाउन पहल गर्ने र अतिक्रमण व्यवस्थापन गर्ने
- राष्ट्रिय सम्पति दुरुपयोग, हिनामिना तथा स्वामित परिवर्तन गर्नेलाई कारवाहि गर्न पहल गर्ने
- तराई र भावरको वन व्यवस्थापन गरि चुरेको वनमा परिरहेको चाप घटाउने, चुरे संरक्षण गर्न एकिकृत योजना लागु गर्ने ।
- प्राकृतिक श्रोतको उपयोगमा एउटै देशको जनता वीच भएको विभेद हटाउन नीति निर्माता तहमा पहल
- तसर्थ, *"देशमा वन संरक्षण, अतिक्रमण तथा चोरी निकासी नियन्त्रण र वन पैदावारको दिगो आपुर्ति तथा आर्थिक उपार्जनको एउटै उपाय हो वनको वैज्ञानिक (सकिय) व्यवस्थापन"* किनभने यसको विकलप छैन ।

# धन्यवाद